**बैठक संख्या : १३ (तेह्रौ)**

आज मिति २०८१ साल असार ०४ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री रोशन सुवेदी – कार्यालय सहयोगी

श्री कर्ण बहादुर कार्की-कार्यालय सहयोगी

**प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा।
२. सर्वोच्च अदालतमा मुद्दाको प्रतिनिधी तोक्ने सम्बन्धमा।
३. कर्मचारी तह वृद्धि सिफारिस समिति पुन:गठन सम्बन्धमा।
४. विविध समसामयिक विषयमा।

**निर्णय नं १, प्रस्ताव नं १, उपर निर्णय**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २, प्रस्ताव नं २, उपर निर्णय**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण सम्बन्धमा मुद्दा नं. -०८१-WO-१३३७ बाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिकाको कार्यालय र गाउँसभा विरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दाको वकालत तथा बहस पैरवी गर्नको लागि लिखु गा.पा. – ४, यसम निवासी श्री दिप बहादुर कार्कीको नाती श्री रण बहादुर कार्कीको छोरा अधिवक्ता श्री दिल कुमार कार्की ( लाईसेन्स नं. १११८६/Advocate / ना. प.प्र. नं. – २८४२/५५५) लाई जिम्मेवारी प्रदान गरी प्रतिनिधी तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम गठन भएको तह वृद्धि सिफारिस समिति देहाय बमोजिम पुन:गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

१. संयोजक – श्री अर्जुन कुमार राउत (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य – श्री विपना श्रेष्ठ (प्रशासन अधिकृत आठौं)
३. सदस्य – श्री दिनानाथ चौधरी (जन – स्वास्थ्य अधिकृत सातौं)

**निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आगामी कार्यपालिकाको बैठक आवश्यकतानुसार बस्ने सर्वसम्मत निर्णय गरियो।